# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**चन्द्रनगर, सर्लाही,**
**मधेस प्रदेश नेपाल**

पत्र संख्या:-२०८२/०८३ मिति:- २०८३/०१/२२

च. न.:-

**" अतिक्रमित सार्वजनिक/सरकारी जग्गा खाली गर्ने सम्बन्धि जरुरी सूचना "**

उपरोक्त सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा को प.स.२०८२/०८३ च.न.४१२ मिति २०८३/०१/१७ गतेको पत्रानुसार यस गाउँपालिका क्षेत्र भित्र रहेका सरकारी / सार्वजनिक जग्गाहरु विभिन्न व्यक्ति वा संघ संस्थाहरुले अनाधिकृत रुपमा कब्जा गरि घर , टहरा ,निजी पोखरी ,निजी सडक तथा संरचनाहरु निर्माण गरेकोमा तत्काल हटाऊन जानकारी गराईन्छ ।

स्थानीय सरकार संचालन एन २०७४ को परिच्छेद १३ मा भएको व्यवस्था र सोहि ऐन को दफा ९७ मा गाउँपालिका क्षेत्र भित्रको सम्पतिको संरक्षण सम्बन्धित गाउँपालिकाले नै गर्नु पर्ने व्यवस्था छ, सो सम्बन्धमा नेपाल सरकार मन्त्रि परिषद्को २०८२/१२/१३ को बैठकको बुद्दा न. ९२ मा उल्लेख भए बमोजिम यस गाउँपालिका अन्तर्गत रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्ने डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अबैध कब्जा हटाउने काम तत्काल कडाईका साथ कार्यान्वयन गर्नुपर्ने भएको हुँदा यस गाउँपालिका क्षेत्र भित्र माथि उल्लेखित प्रकृतिको संरचना निर्माण गर्ने वा जग्गा अतिक्रमण गर्ने व्यक्ति वा संघ संस्था आफैले १५ दिन भित्र खाली गरिदिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय सीमा भित्र अतिक्रमण नहटाएमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अतिक्रमण गरि बसोबास गर्ने व्यक्ति वा संघ संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गरि नियमानुसार खाली गराईने व्यहोरा समेत जानकारी गराईन्छ ।

..............................

राज कुमार महतो

गाउँपालिका अध्यक्ष

"सम्मानीत जीवन, समृद्ध चन्द्रनगर"
Email: chandranagar111@gmail.com , info@chandranagarmun.gov.np
Website: chandranagarmun.gov.np; Contact Number: 9844059173, 9854038381